नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

**कृषि सूचना तथा प्रशिक्षण केन्द्र**

हरिहरभवन, ललितपुर ।

सूचना प्रकाशित मितिः२०८३/०४/११

## कृषि त्रैमासिक पत्रिका प्रकाशनका लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस केन्द्रबाट कृषि तथा पशुपालन क्षेत्रका ज्ञान, अनुसन्धान, नीति संवाद, नवप्रवर्तन तथा सफल अभ्यासहरूको अभिलेखीकरण र प्रचारप्रसार गर्ने उद्देश्यले चालु आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि त्रैमासिक पत्रिका प्रकाशनका सन्दर्भममा संयुक्त राष्ट्रसंघले **सन् २०२६** लाई **"International Year of Rangelands and Pastoralists"** तथा **"International Year of the Woman Farmer"** का रूपमा घोषणा गरेको हुँदा पहिलो कृषि त्रैमासिक पत्रिका **"खर्क विशेषाङ्क"** र दोश्रो कृषि त्रैमासिक पत्रिका **"महिला कृषक विशेषाङ्क"को रुपमा प्रकाशन गर्ने कार्यक्रम रहेको हुँदा** यस विशेषाङ्कलाई गुणस्तरीय, अनुसन्धानमूलक तथा उपयोगी बनाउन कृषि तथा पशुपन्छी विकाससँग सम्बन्धित **संघ, प्रदेश तथा स्थानीय तहका सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धान संस्था, विकास साझेदार संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र, कृषि तथा पशु विज्ञ, अनुसन्धानकर्ता, प्राध्यापक, विद्यार्थी,** कृषक तथा अन्य सरोकारवालावाट मौलिक लेख, अनुसन्धानमूलक आलेख, समिक्षा, नीति विश्लेषण, सफल अभ्यास, नवप्रवर्तन तथा अनुभवमूलक सामग्री यस केन्द्रको इमेल **info@aitc.gov.np, aitc2075@gmail.com** मा उपलब्ध गराइदिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१) लेख/रचना विशेषाङ्कको विषयवस्तुसँग प्रत्यक्ष सम्बन्धित, मौलिक, ज्ञानवर्द्धक ,अनुसन्धानमूलक र अन्यत्र प्रकाशन नभएको हुनुपर्नेछ।

२) लेख/ रचना नेपाली भाषामा युनिकोड १० फन्ट साइजमा २०००-२५०० शब्दभित्र सीमित रहनुपर्नेछ।

३) प्राप्त लेख रचनाहरु प्रकाशनको लागि छनोट गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ र अस्वीकृत लेख रचना फिर्ता गरिने छैन ।

४) प्रकाशित हुने लेख रचनाको प्रतिलिपि अधिकार यस केन्द्रमा रहनेछ । तर लेखमा रहेका विचार र अवधारणा लेखकका निजी विचार हुने भएकोले तिनले संस्थागत प्रतिनिधित्व गर्ने छैन ।

५) प्रकाशित लेख रचना बापत लेखकलाई नियमानुसार पारिश्रमिकको व्यवस्था गरिनेछ ।

६) उपलब्ध लेख रचनामा लेखकको पूरा नाम, पद/संस्था, ठेगाना र सम्पर्क नम्बर (फोन/इमेल) अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

७) पहिलो त्रैमासिकसँग सम्बन्धित लेख/रचनाहरु मिति २०८३/०५/३० सम्म र दोश्रो त्रैमासिकसँग सम्बन्धित लेख/रचनाहरु मिति २०८३/०८/३० गते भित्र यस केन्द्रमा आइपुग्नुपर्नेछ।

८) थप जानकारीको लागि ०१-५४२२२४८, ५४२५६१७, ५४२२२५८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

२०८३-०४-११

वरिष्ट कृषि प्रसार अधिकृत